संघीय संसद
प्रतिनिधि सभा, २०७९
चौथो अधिवेशन
बैठक संख्या - २४
सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८१ साल असार ९ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:२० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमा आकस्मिक समय लिएर निम्नलिखित माननीय सदस्यहरुले प्रहरीको फरार सूचीमा रहेको सहकारी ठगीमा संलग्न व्यक्ति बसेको ठेगाना पत्ता लागेको भन्दै गृह मन्त्रीले स्थान नै तोकेर मिडियामा सार्वजनिक गर्ने कार्य गलत भएको, मकवानपुरको हेटौंडा उपमहानगरपालिकाका एकजना व्यक्तिलाई पर्सा वन्यजन्तु आरक्षमा खटिएका सुरक्षाकर्मीले गोली हानेर हत्या गरेकोले दोषीलाई कानूनी दायरमा ल्याउनुका साथै मृतक परिवारलाई क्षतिपूर्ति दिनुपर्ने, संघीय संसद सचिवालयको आन्दोलनरत कर्मचारीहरुको माग सम्बोधन गर्नुपर्ने, चुरे संरक्षणको अभियानका लागि विगत ३२ दिनदेखि काठमाडौको माइतीघरमा बसेका २० जना अभियन्ताहरुको मागका सन्दर्भमा सरकारले तत्काल सम्बोधन गर्नुपर्ने, बीमा गरेबापत दिइने कमिसन कटाइएको सन्दर्भ बुझ्न स्वास्थ्य बीमा बोर्ड काठमाडौमा आएका स्वास्थ्य वीमा दर्ता सहयोगीहरुलाई प्रहरी बोलाएर अन्धाधुन्ध लाठीचार्ज गराउँदा सयौं घाइते भएकोले यसतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने, सांसदहरुलाई सहयोग गर्ने संसद सचिवालयका कर्मचारीहरु अतिरिक्त समयमा खटिए वापतको सेवा सुविधा पाउनु पर्ने मागसहित आन्दोलनमा रहेका छन् । उनीहरुको न्यायोचित माग तत्काल सम्बोधन गर्नुपर्ने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो ।

१. मा० विश्वप्रकाश शर्मा
२. मा० महेश कुमार वर्तौला
३. मा० प्रदिप पौडेल
४. मा० ऋषिकेश पोखरेल
५. मा० रोशन कार्की

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरुले समसामयिक विषयमा आ-आफ्नो भनाइ राख्नुभयो:-

१. मा० अच्युत प्रसाद मैनाली
२. मा० अजय कुमार चौरसिया
३. मा० अब्दुल खांन
४. मा० अम्मर बहादुर थापा
५. मा० अम्मर बहादुर रायमाझी
६. मा० अर्जुन नरसिंह के.सी.
७. मा० अशोक कुमार चौधरी
८. मा० अस्मा कुमारी चौधरी
९. मा० असिम शाह
१०. मा० डा० आरजु राणा
११. मा० ईश्वर बहादुर रिजाल
१२. मा० ईश्वरी घर्ती
१३. मा० ईश्वरी देवी न्यौपाने
१४. मा० उमरावती देवी
१५. मा० उर्मिला माझी
१६. मा० कल्पना चौधरी
१७. मा० किरण कुमार साह
१८. मा० कुसुमदेवी थापा
१९. मा० गगन कुमार थापा
२०. मा० गणेश पराजुली
२१. मा० गोमा लाभ (सापकोटा)
२२. मा० गंगा कार्की
२३. मा० गंगा प्रसाद यादव
२४. मा० डा० चन्दा कार्की (भण्डारी)
२५. मा० डा० चन्द्रकान्त भण्डारी
२६. मा० चन्द्रबहादुर विश्वकर्मा
२७. मा० चित्रबहादुर के.सी.
२८. मा० छिरिङ डम्डुल लामा (भोटे)
२९. मा० जावेदा खातुन जागा
३०. मा० जुली कुमारी महतो (महासेठ)

त्यसपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीको क्रमसंख्या १ र २ मा रहेको कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु हुँदै कार्यसूचीको क्रम संख्या ३ मा रहेको कार्यक्रममा समेत केही हेरफेर गरेको व्यहोरा जानकारी गराउनु भयो ।

तदुपरान्त विनियोजन विधेयक, २०८१ अन्तर्गत विभिन्न मन्त्रालयहरुसँग सम्बन्धित विभिन्न शीर्षकहरुमाथिको छलफलको क्रममा उठेका प्रश्नहरुको सम्बन्धित मन्त्रीले जवाफ दिने क्रम अन्तर्गत माननीय रक्षा मन्त्री हरिप्रसाद उप्रेतीले रक्षा मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

यसैबीच माननीय रोशन कार्कीले नियमापत्ति गर्नुहुँदै माननीय रक्षा मन्त्री हरिप्रसाद उप्रेतीले जवाफ दिने क्रममा "ब्लड मनी" र "मेन माननीय सदस्य" भन्ने शब्दहरु प्रयोग गर्नुभएकोले माफी माग्नुपर्ने भन्नुभएपछि माननीय मन्त्रीले उक्त शब्दहरु प्रयोग गरेको अर्थका सम्बन्धमा स्पष्टीकरण दिनुहुँदै माफीसमेत माग्नुभयो ।

तत्पश्चात् माननीय रक्षा मन्त्री हरिप्रसाद उप्रेतीले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो :-

१. मा० प्रेम सुवाल
२. मा० ध्रुवबहादुर प्रधान
३. मा० मैना कार्की
४. मा० राजेन्द्र कुमार के.सी.
५. मा० डा० चन्दा कार्की (भण्डारी)
६. मा० रामप्रकाश चौधरी
७. मा० सिता मिजार
८. मा० रामकृष्ण यादव

त्यसपछि माननीय युवा तथा खेलकुद मन्त्री विराजभक्त श्रेष्ठले युवा तथा खेलकुद मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय युवा तथा खेलकुद मन्त्री विराजभक्त श्रेष्ठले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो :-

१. मा० प्रेम सुवाल
२. मा० रामप्रकाश चौधरी
३. मा० ध्रुवबहादुर प्रधान
४. मा० लेखनाथ दाहाल

तत्पश्चात् माननीय वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडिले वन तथा वातावरण मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि माननीय वन तथा वातावरण मन्त्री नवलकिशोर साह सुडिले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो :-

१. मा० प्रेम सुवाल
२. मा० रोशन कार्की
३. मा० जावेदा खातुन जागा
४. मा० नागिना यादव
५. मा० प्रतिक्षा तिवारी
६. मा० विनिता कुमारी सिंह
७. मा० सम्झना थपलिया
८. मा० सोबिता गौतम
९. मा० अम्मर बहादुर थापा

तदुपरान्त माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात् माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सुमना श्रेष्ठले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो :-

१. मा० रामहरि खतिवडा
२. मा० प्रेम सुवाल
३. मा० रोशन कार्की
४. मा० जावेदा खातुन जागा
५. मा० रमा कोईराला पौड्याल
६. मा० बासुदेव घिमिरे
७. मा० रणेन्द्र बराली
८. मा० हेमराज राई
९. मा० रामप्रकाश चौधरी
१०. मा० विनिता कठायत
११. मा० रन्जु कुमारी झा
१२. मा० शान्ति वि.क.
१३. मा० तेजुलाल चौधरी

त्यसपछि माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो :-

१. मा० रामप्रकाश चौधरी
२. मा० रमा कोइराला पौड्याल
३. मा० हेमराज राई
४. मा० रोशन कार्की
५. मा० ईश्वरी घर्ती
६. मा० प्रेम सुवाल
७. मा० तेजुलाल चौधरी
८. मा० बद्रीप्रसाद पाण्डे

९. मा० जावेदा खातुन जागा
१०. मा० सराज अहमद फारुकी
११. मा० रन्जु कुमारी झा

तत्पश्चात् माननीय सहरी विकास मन्त्री धनबहादुर बुढाले सहरी विकास मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि माननीय सहरी विकास मन्त्री धनबहादुर बुढाले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो :-

१. मा० प्रेम सुवाल
२. मा० रामनाथ अधिकारी
३. मा० निशा डागी
४. मा० प्रतिक्षा तिवारी
५. मा० रामकृष्ण यादव
६. मा० सम्झना थपलिया
७. मा० शान्ती श्रेष्ठ
८. मा० राजेन्द्र कुमार के.सी.
९. मा० सिता मिजार
१०. मा० लेखनाथ दाहाल

तदुपरान्त माननीय खानेपानी मन्त्री राजेन्द्र कुमार राईले खानेपानी मन्त्रालयसम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात् माननीय खानेपानी मन्त्री राजेन्द्र कुमार राईले उक्त जवाफका सम्बन्धमा निम्नलिखित माननीय सदस्यहरुले सोध्नुभएको स्पष्टीकरणको जवाफ दिनुभयो :-

१. मा० दिलेन्द्रप्रसाद बडू
२. मा० तेजुलाल चौधरी
३. मा० रोशन कार्की
४. मा० नागिना यादव
५. मा० मैना कार्की
६. मा० प्रेम सुवाल
७. मा० सम्झना थपलिया
८. मा० प्रतिक्षा तिवारी
९. मा० शिव नेपाली
१०. मा० उर्मिला माझी
११. मा० प्रेमबहादुर महर्जन
१२. मा० सोबिता गौतम
१३. मा० प्रतिमा गौतम
१४. मा० डिगबहादुर लिम्बु

त्यसपछि सम्माननीय सभामुखले आजको दैनिक कार्यसूचीमा रहेको बाँकी कार्यक्रमहरु भोलीको बैठकमा हुने गरी सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०८१ साल असार १० गते सोमबार बिहान ११:०० बजे बस्नेगरी बैठक बेलुका ७:२० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव